# जिल्ला निर्वाचन कार्यालय, प्यूठान
# DISTRICT ELECTION OFFICE, PYUTHAN

प.स ०७८।०७९
च.न १३२

निर्वाचन आयोग जिल्ला निर्वाचन कार्यालय प्यूठान २०६१

मिति:२०७८।०८।१०

विषय:- सुचना टाँस सम्बन्धमा ।

श्री सरकारी कार्यालयहरु ( सबै )

प्यूठान

प्रस्तुत विषयमा निर्वाचन आयोगको मिति २०७८ मंसिर ३ गतेको निर्णयानुसार नेपालको ७७ वटै जिल्लाको स्थानीय तहमा मिति २०७८ मंसिर १७ गते देखि मतदाता नामावली संकलन कार्य सुरु हुन गइरहेको छ । तत् सम्बन्धमा यस जिल्लामा समेत मतदाता नामावली दर्ता कार्य संचालन गर्ने उद्येश्यका कार्यक्रमको स्विकृत तालिका सहितको सूचना आफ्नो कार्यालयमा टाँस गरी दिनुहुनका लागि सादर अनुरोध छ ।

जिल्ला निर्वाचन अधिकारी

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्को गौरव"
"Free and Fair Election Pride of Nation"

☎:086420182, ecpyuthan54@gmail.com, deo.pyuthan@election.gov.np

# जिल्ला निर्वाचन कार्यालय,प्यूठान
# DISTRICT ELECTION OFFICE, PYUTHAN

निर्वाचन आयोग जिल्ला निर्वाचन कार्यालय प्यूठान २०६१

सूचना । सूचना ॥ सुचना ॥।

निर्वाचन आयोगको मिति २०७८ मंसिर ३ गतेको निर्णयानुसार नेपालको ७७ वटै जिल्लाको स्थानीय तहमा मिति २०७८ मंसिर १७ गते देखि मतदाता नामावली संकलन कार्य सुरु हुन गइरहेको छ । तत् सम्बन्धमा यस जिल्लामा समेत मतदाता नामावली दर्ता कार्य संचालन गर्ने उद्येश्यका साथ मतदाता नामावली संकलन विशेष कार्यक्रम संचालन मापदण्ड, २०७८ को जिल्ला स्तरीय कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको निर्णयानुसार स्थानीय तहमा मतदाता नामावली दर्ता कार्यक्रमको कार्यान्वयन तालिका तपसिल बमोजिम रहेको छ ।

मिति २०७८ साल मंसिर १७ गते देखि मंसिर २६ गते सम्म स्वर्गद्धारी नगरपालिका, सरुमारानी गाउपालिका, झिमरक गाउपालिका र गौमुखी गाउपालिका ) तथा मंसिर २९ देखि पौष ९ सम्म (ऐराबती गाउपालिका, माण्डवी गाउपालिका, प्यूठान नगरपालिका र नौवहिनी गाउपालिका ) मा फोटो सहितको मतदाता नामावली दर्ता कार्यक्रम संचालन हुने भएकोले नेपाली नागरिकता बनाइ फोटो सहितको मतदाता नामावली दर्ता हुन बाकि रहेका नेपाली नागरिकहरु आ आफ्ना स्थानीय तहको केन्द्रमा गई अनिवार्य रुपमा आफ्नो नाम दर्ता गराउनुहुन अनुरोध गरिन्छ । बाह्रय जिल्ला कायम गरी दर्ता गराउन चाहने मतदाताहरुले जिल्ला निर्वाचन कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ । थप जानकारीका लागि जिल्ला निर्वाचन कार्यालय वा स्थानीय तहको कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

**दर्ता गराउन चाहिने आवश्यक कागजात**

क.नागरिकतामा रहेको स्थायी ठेगानामा दर्ता गर्नु परेमा

१. सक्कल नागरिकता र प्रतिलिपी

ख.नागरिकतामा रहेको स्थायी ठेगाना भन्दा अन्य भएमा

१. सक्कल नागरिकता र प्रतिलिपी

२. बसाइसराइ प्रमाणपत्रको वा विवाह दर्ता प्रमाणपत्र ( सक्कल र प्रतिलिपी दुवै )

| क.स | स्थानीय तह | दर्ता स्थल | दर्ता कार्य | | दिन |
|---|---|---|---|---|---|
| | | | सुरु | समाप्त | |
| १ | स्वर्गद्धारी नगरपालिका | स्वर्गद्धारी नगरकार्यपालिकाको कार्यालय | २०७८।०८।१७ | २०७८।०८।२६ | १० दिन |
| २ | सरुमारानी गाउपालिका | सरुमारानी गाउकार्यपालिकाको कार्यालय | २०७८।०८।१७ | २०७८।०८।२६ | १० दिन |
| ३ | गौमुखी गाउपालिका | गौमुखी गाउकार्यपालिकाको कार्यालय | २०७८।०८।१७ | २०७८।०८।२६ | १० दिन |
| ४ | झिमरुक गाउपालिका | झिमरुक गाउकार्यपालिकाको कार्यालय | २०७८।०८।१७ | २०७८।०८।२६ | १० दिन |
| ५ | माण्डवी गाउपालिका | माण्डवी गाउकार्यपालिकाको कार्यालय | २०७८।०८।२९ | २०७८।०९।०९ | १० दिन |
| ६ | ऐरावती गाउपालिका | ऐरावती गाउकार्यपालिकाको कार्यालय | २०७८।०८।२९ | २०७८।०९।०९ | १० दिन |
| ७ | नौवहिनी गाउपालिका | नौवहिनी गाउकार्यपालिकाको कार्यालय | २०७८।०८।२९ | २०७८।०९।०९ | १० दिन |
| ८ | प्यूठान नगरपालिका | प्यूठान नगरकार्यपालिकाको कार्यालय | २०७८।०८।२९ | २०७८।०९।०९ | १० दिन |




☎:086420182, ecpyuthan54@gmail.com, deo.pyuthan@election.gov.np


जिल्ला निर्वाचन अधिकारी